"मीठे बच्चे– बाबा आउनु भएको छ तिमीलाई रूहानी कला सिकाउन , जुन कलाले तिमी सूर्य चन्द्रमा भन्दा पनि पर शान्तिधाममा जान्छौ।"

प्रश्नः– साइन्स घमण्ड र साइलेन्स घमण्डमा कुनचाहिँ भिन्नता छ?

उत्तरः– साइन्सको घमण्ड गर्नेहरूले चन्द्रमा, ताराहरूमा जानको लागि कति खर्च गर्छन्। शरीरको जोखिम लिएर जान्छन्। उनीहरूलाई यो डर हुन्छ– रकेट कहीँ फेल नहोस्। तिमी साइलेन्सको घमण्ड गर्ने बच्चाहरू विना कौडी खर्च सूर्य, चन्द्रमा भन्दा पनि पर मूलवतनमा जान्छौ। तिमीलाई कुनै डर छैन किनकि तिमीले शरीरलाई यहीँ छोडेर जान्छौ।

ओम् शान्ति। रूहानी बाबा बसेर रूहानी बच्चाहरूलाई सम्झाउनु हुन्छ। बच्चाहरूले सुनि त रहेका छन्। वैज्ञानिकहरू चन्द्रमामा जाने प्रयत्न गरिरहन्छन्। तर तिनीहरू त केवल चन्द्रमासम्म जाने कोसिस गर्छन्, कति खर्च गर्छन्। धेरै डर हुन्छ माथि जाँदा। अब तिमीले आफैले विचार गर, तिमी कहाँका निवासी हौ? उनीहरू त चन्द्रमातर्फ जान्छन्। तिमी त सूर्य, चन्द्रमा भन्दा पनि पर जान्छौ, एकदम मूलवतनमा। उनीहरू त माथि जान्छन्, त्यसैले उनीहरूलाई धेरै पैसा मिल्छ। माथि चक्कर लगाएर आएपछि उनीहरूलाई लाखौं सौगात मिल्छ। शरीरको जोखिम लिएर जान्छन्। उनीहरू हुन् साइन्सको घमण्ड गर्नेहरू। तिम्रो पासमा छ साइलेन्सको घमण्ड। तिमीलाई थाहा छ– हामी आत्मा आफ्नो शान्तिधाम ब्रह्माण्डमा जान्छौं। आत्माले नै सब थोक गर्छ। उनको आत्मा पनि शरीरको साथमा माथि जान्छ। धेरै खतरनाक छ। डराउँछन् पनि, माथिबाट खसेमा ज्यान समाप्त हुन्छ। त्यो सबै हो जिस्मानी कला। तिमीलाई बाबाले रूहानी कला सिकाउनु हुन्छ। यो कला सिकेपछि तिमीलाई कति ठूलो पुरस्कार मिल्छ। २१ जन्मको पुरस्कार मिल्छ, नम्बरवार पुरुषार्थ अनुसार। आजकाल सरकारले चिट्ठा पनि निकाल्छ नि। बाबाले तिमीलाई पुरस्कार दिनुहुन्छ। अनि के सिकाउनु हुन्छ? तिमीलाई एकदम माथि लैजानुहुन्छ, जहाँ तिम्रो घर छ। अहिले तिमीलाई याद आउँछ नि– हाम्रो घर कहाँ छ र राजधानी जुन गुमायौ, त्यो कहाँ छ। रावणले छिन्यो। अब फेरि हामी आफ्नो असली घर पनि जान्छौं र राज्य पनि पाउँछौं। मुक्तिधाम हाम्रो घर हो– यो कसैलाई थाहा छैन। अब तिमी बच्चाहरूलाई सिकाउनको लागि हेर बाबा कहाँबाट आउनु हुन्छ, कति टाढाबाट आउनु हुन्छ। आत्मा पनि रकेट हो। उनीहरूले प्रयास गर्छन् माथि गएर हेरौं, चन्द्रमामा के छ, तारामा के छ? तिमी बच्चाहरूलाई थाहा छ– यी त यस रङ्गमञ्चका बत्तीहरू हुन्। जसरी रङ्गमञ्चमा बिजुली बत्तीहरू लगाउँछन्। म्युजियममा पनि तिमीले बत्तीहरूका माला लगाउँछौ नि। यो फेरि हो बेहदको दुनियाँ। यसमा यी सूर्य, चन्द्रमा, ताराहरूले प्रकाश दिन्छन्। मनुष्यहरूले फेरि सम्झन्छन्– सूर्य-चन्द्रमा यी देवता हुन्। तर यी कुनै देवता त होइनन्। अहिले तिमीलाई थाहा छ– बाबा कसरी आएर हामीलाई मनुष्यबाट देवता बनाउनु हुन्छ। यहाँ ज्ञान सूर्य, ज्ञान चन्द्रमा र ज्ञान लक्की सिताराहरू छन्। ज्ञानले नै तिमी बच्चाहरूको सद्गति भइरहेको छ। तिमी कति टाढा जान्छौ। बाबाले नै घर जाने मार्ग बताउनु भएको छ। बाबा विना कोही पनि फर्केर आफ्नो घर जान सक्दैनन्। जब बाबा आएर शिक्षा दिनुहुन्छ, तब तिमीले जान्दछौ। यो पनि जानेका छौ– हामी आत्मा पवित्र बन्छौं अनि मात्रै आफ्नो घर जान सक्छौं। फेरि कि त योगबलले कि सजायको बलले पावन बन्नु छ। बाबाले त सम्झाइरहनु हुन्छ, जति बाबालाई याद गर्छौ त्यति तिमी पावन बन्छौ। याद गरेनौ भने पतित नै रहन्छौ। फेरि धेरै सजाय खानु पर्नेछ र पद पनि भ्रष्ट हुन्छ। बाबा स्वयं बसेर तिमीलाई सम्झाउनु हुन्छ। तिमी यसरी यसरी घर जान सक्छौ। ब्रह्माण्ड के हो, सूक्ष्मवतन के हो, केही पनि थाहा छैन। विद्यार्थीले पहिला नै कहाँ जानेको हुन्छ र, जब पढ्न सुरु गर्छन् तब फेरि ज्ञान मिल्छ। ज्ञान पनि कुनै सानो, कुनै ठूलो हुन्छ। निजामती सेवाको परीक्षा दियो भने उसलाई भनिन्छ नलेजफुल। यो भन्दा उच्च ज्ञान केही हुँदैन। अब तिमीले पनि कति उच्च ज्ञान सिक्छौ। बाबाले तिमीलाई पवित्र बन्ने युक्ति बताउनु हुन्छ– प्यारा बच्चाहरू! मलाई याद गर्यौ भने तिमी पतितबाट पावन बन्छौ। वास्तवमा तिमी आत्माहरू पावन थियौ। माथि आफ्नो घरमा रहन्थ्यौ, जब तिमी सत्ययुगमा जीवनमुक्तिमा हुन्छौ तब बाँकी सबै मुक्तिधाममा हुन्छन्। मुक्ति र जीवनमुक्ति दुवैलाई हामीले शिवालय भन्न सक्छौं। मुक्तिमा शिवबाबा पनि रहनुहुन्छ, हामी बच्चाहरू पनि रहन्छौं। यो हो रूहानी हाइएस्ट नलेज। उनीहरूले भन्छन् हामी चन्द्रमामा गएर बस्छौं। कति मेहनत गर्छन्। बहादुरी देखाउँछन्। यति करोडौं माइल माथि जान्छन् तर उनीहरूको आशा पूर्ण

हुँदैन। तिम्रो आशा पूरा हुन्छ। उनीहरूको हो झुटो जिस्मानी घमण्ड। तिम्रो हो रुहानी घमण्ड। उनीहरूले कति मायाको बहादुरी देखाउँछन्। मनुष्यहरूले कति ताली बजाउँछन्, बधाई दिन्छन्। मिल्छ पनि धेरै। त्यस्तै ५-१० करोडसम्म मिल्छ। उनीहरूलाई यो जुन पैसा मिल्छ, सबै खतम हुन्छ, तिमी बच्चाहरूलाई यो ज्ञान छ । बाँकी थोरै दिन नै सम्झ। आज के छ भोलि के हुन्छ! आज तिमी नर्कवासी छौ, भोलि स्वर्गवासी बन्छौ। समय कुनै धेरै लाग्दैन, उनीहरूको हो जिस्मानी तागत तिम्रो हो रूहानी तागत। जुन केवल तिमीले नै जानेका छौ। उनीहरू जिस्मानी तागतले कहाँसम्म पुग्छन्। चन्द्रमा, सिताराहरूसम्म पुग्छन् र लडाइँ सुरु हुन्छ। फेरि त्यो सबै समाप्त हुन्छ। उनीहरूको कला यहाँसम्ममा नै खतम हुन्छ। त्यो हो जिस्मानी हाइएस्ट कला, तिम्रो हो रूहानी हाइएस्ट कला। तिमी शान्तिधाममा जान्छौ। त्यसको नाम नै छ स्वीट होम। तिनीहरू कति माथि जान्छन्। तिमीले आफ्नो हिसाब गर– तिमी कति माइल माथि जान्छौ? तिमी को हौ? आत्मा। बाबा भन्नुहुन्छ– म कति माइल माथि रहन्छु। गन्न सक्छन्! उनीहरूसँग त हिसाब छ, बताउँछन्– यति माइल माथि गयौं फेरि फर्केर आउँछन्। धेरै सावधानी राख्छन्, यसरी झर्नेछौं यो गर्छौं, धेरै आवाज हुन्छ। तिम्रो के आवाज हुन्छ। तिमी कहाँ जान्छौ फेरि कसरी आउँछौ, कुनै थाहा हुँदैन। तिमीलाई के पुरस्कार मिल्छ, यो पनि तिमीले नै जानेका छौ। आश्चर्य छ। बाबाको कमाल छ, कसैलाई थाहा छैन। तिमीले त भन्छौ, यो नयाँ कुरा कहाँ हो र। हर ५ हजार वर्षपछि उनीहरूले आफ्नो यो अभ्यास गरिरहन्छन्। तिमीले यस सृष्टिरूपी ड्रामाको आदि, मध्य, अन्त्य र अवधि आदिलाई राम्रोसँग जानेका छौ। त्यसैले तिमीलाई भित्र नसा हुनुपर्छ– बाबाले हामीलाई के सिकाउनु हुन्छ। धेरै उच्च पुरुषार्थ गर्छौं फेरि पनि गर्छौं। यी सबै कुरा अरू कसैले जानेका छैनन्। बाबा हुनुहुन्छ गुप्त। तिमीलाई दिनहुँ कति सम्झाउनु हुन्छ। तिमीलाई कति ज्ञान दिनुहुन्छ। उनीहरू जान्छन् हदसम्म। तिमी बेहदमा जान्छौ। उनीहरू चन्द्रमासम्म जान्छन्, अब ती त ठुला-ठुला बत्तीहरू हुन्, अरू त केही छैन। उनीहरूले धरतीलाई धेरै सानो देख्छन् । उनीहरूको जिस्मानी ज्ञान र तिम्रो नलेजमा कति फरक छ। तिम्रो आत्मा कति सानो छ। तर यो रकेट धेरै तीव्र छ। आत्माहरू माथि रहन्छन् फेरि आउँछन् पार्ट खेल्न। उहाँ पनि परम आत्मा हुनुहुन्छ। तर उहाँको पूजा कसरी गर्ने। भक्ति पनि अवश्य हुनु नै छ।

बाबाले सम्झाउनु भएको छ आधाकल्प हुन्छ ज्ञान दिन, आधाकल्प हुन्छ भक्ति रात। अहिले सङ्गमयुगमा तिमीले ज्ञान लिन्छौ। सत्ययुगमा त ज्ञान हुँदैन। यसलाई पुरुषोत्तम सङ्गमयुग भनिन्छ। सबैलाई पुरुषोत्तम बनाउनु हुन्छ। तिम्रो आत्मा कति टाढा टाढा जान्छ, तिमीलाई खुसी छ नि। उनीहरूले कला देखाए भने धेरै पैसा पाउँछन्। जतिसुकै मिलोस् तर तिमीलाई थाहा छ– त्यो केही पनि साथमा जाने छैन। अब जसरी पनि मरिन्छ। सबै खतम हुन्छन्। अहिले तिमीलाई कति मूल्यवान् रत्न मिल्छन्, यसको मूल्य कसैले गन्न सकिँदैन। एक एक महावाक्य लाखौं रूपैयाँका छन्। कति समयदेखि तिमीले सुन्दै आइरहेका छौ। गीतामा कति मूल्यवान् ज्ञान छ। यो एक मात्र गीता हो जसलाई अति मूल्यवान् भनिन्छ। सर्वशास्त्रमयी शिरोमणि श्रीमत् भगवत् गीता हो। उनीहरूले पढ्न त पढिरहन्छन् तर अर्थ कहाँ बुझ्छन् र! गीता पढ्नाले के हुन्छ। अब बाबा भन्नुहुन्छ– मलाई याद गर्यौ भने तिमी पावन बन्छौ। पढ्न त त्यो गीता पढ्छन् तर एक जनाको पनि बाबासँग योग छैन। बाबालाई नै सर्वव्यापी भनिदिन्छन्। पावन पनि बन्न सक्दैनन्। अहिले यी लक्ष्मी-नारायणको चित्र तिम्रो सामुन्ने छ। यिनलाई देवता भनिन्छ किनकि दैवी गुण छ। तिमी आत्माहरू पवित्र बनेर सबै आफ्नो घर जानु छ। नयाँ दुनियाँमा त यति मनुष्य हुँदैनन्। बाँकी सबै आत्माहरू जानुपर्छ आफ्नो घर। तिमीलाई बाबाले अनौठो ज्ञान दिनुहुन्छ, जसबाट तिमी मनुष्यबाट धेरै उच्च देवता बन्छौ। त्यसैले यस्तो पढाइमा अटेन्सन पनि त्यत्ति नै चाहिन्छ। यिनले पनि जान्दछन्– जस्तो जसले कल्प पहिला अटेन्सन दिएको थियो, त्यस्तै दिइरहन्छ। थाहा हुन्छ। बाबा सेवाको समाचार सुनेर खुसी पनि हुनुहुन्छ। बाबालाई कहिल्यै चिट्ठी पनि लेखेनन् भने सम्झनुहुन्छ उनीहरूको बुद्धियोग कहीँ पत्थर आदिमा लागेको छ। देह अभिमान आएको छ, बाबालाई भुलेका छन्। नत्र विचार गर– लभ म्यारिज भयो भने उनीहरूको आपसमा कति प्रेम हुन्छ। हो, कसै कसैको सोच परिवर्तन भयो भने फेरि स्त्रीलाई पनि मारिदिन्छन्। यो तिम्रो हो उहाँको साथ लभ म्यारिज। बाबा आएर तिमीलाई आफ्नो परिचय दिनुहुन्छ। तिमी आफैले परिचय पाउँदैनौ। बाबा आउनु पर्छ। बाबा आउनु हुन्छ तब, जब दुनियाँ पुरानो हुन्छ। पुरानोलाई नयाँ बनाउन अवश्य सङ्गममा नै आउनु हुन्छ। बाबाको ड्युटी हो नयाँ दुनियाँ स्थापना गर्ने। तिमीलाई स्वर्गको मालिक बनाइदिनुहुन्छ भने यस्तो बाबासँग कति लभ हुनुपर्छ, फेरि बाबा हामीले बिर्सिन्छौं किन भन्छौ? कति सर्वोच्च बाबा हुनुहुन्छ। उहाँ भन्दा उच्च कोही हुँदैन। मनुष्यले मुक्तिको लागि कति मेहनत गर्छन्, उपाय निकाल्छन्। कति झुटो, ठगी चलिरहेको छ। महर्षि आदिको कति नाम छ। सरकारले १०-२० एकड जमीन दिन्छ।

यस्तो होइन, सरकार नास्तिक छ। यिनीहरू मध्ये कोही मन्त्री धार्मिक छन्, कोही अधार्मिक। कोहीले धर्मलाई मान्दै मान्दैनन्। भनिन्छ रिलीजन इज माइट । क्रिस्चियनमा शक्ति थियो नि। सारा भारतलाई हप गरेर गए। अहिले भारतमा कुनै शक्ति छैन। कति झगडा मारामारी लागेको छ। त्यही भारतवर्ष कस्तो थियो। बाबा कसरी, कहाँ आउनु हुन्छ, कसैलाई केही पनि थाहा छैन। तिमीलाई थाहा छ– मगध देशमा आउनु हुन्छ जहाँ गोही(मगरमच्छ) हुन्छ। मनुष्यहरू यस्ता छन् जसले सबैथोक खाइदिन्छन्। सबै भन्दा धेरै वैष्णव भारतवर्ष थियो। यो वैष्णव राज्य हो नि। कहाँ यी महान् पवित्र देवताहरू, कहाँ आजकाल हेर के के हप गर्दै जान्छन्। नरभक्षी पनि बन्छन्। भारतवर्षको के हालत भएको छ। अहिले तिमीलाई सारा रहस्य सम्झाइरहनु भएको छ। माथिदेखि लिएर तलसम्म पूरा ज्ञान दिनुहुन्छ। पहिला तिमी नै यस पृथ्वीमा हुन्छौ फेरि मनुष्यको वृद्धि हुँदै जान्छ। अब थोरै समयमा हाहाकार हुन्छ फेरि हाय हाय गरिरहन्छन्। स्वर्गमा हेर कति सुख छ। यो लक्ष्य-उद्देश्यको निसानी हेर। यो सबै तिमी बच्चाहरूले धारणा पनि गर्नु छ। यो कति ठुलो पढाइ हो। बाबाले कति स्पष्ट पारेर सम्झाउनु हुन्छ। मालाको रहस्य पनि सम्झाउनु भएको छ। माथि फूल हो शिवबाबाको, फेरि मेरू.... प्रवृत्ति मार्ग हो नि। निवृत्ति मार्गकालाई त माला जप्ने हुकुम छैन। यो हो नै देवताहरूको माला, उनीहरूले कसरी राज्य लिए, तिमीहरूमा पनि नम्बरवार छन्। कोही कोही छन् जसले निर्धक्कसँग कसैलाई पनि सम्झाउँछन्– आउनुहोस् हामी तपाईलाई यस्तो कुरा बताउँछौं जुन अरू कसैले बताउन सक्दैन। शिवबाबा सिवाय अरू कसैले जान्दै जानेका छैनन्। उनीहरूलाई यो राजयोग कसले सिकायो। धेरै रसले बसेर सम्झाउनु पर्छ। यिनीहरूले ८४ जन्म कसरी लिन्छन्, देवता, क्षत्रिय, वैश्य, शूद्र...। बाबाले कति सहज ज्ञान बताउनु हुन्छ। पवित्र पनि बन्नु छ तब नै उच्च पद पाउने छौ। सारा विश्वमा शान्ति स्थापना गर्ने तिमीहरू हौ। बाबा तिमीलाई राज्य-भाग्य दिनुहुन्छ। दाता हुनुहुन्छ नि। उहाँले केही लिनुहुन्न। तिम्रो पढाइको यो हो पुरस्कार। यस्तो पुरस्कार त अरू कसैले दिन सक्दैन। त्यसैले यस्ता बाबालाई किन प्यारले याद गर्दैनौ? लौकिक पितालाई त सारा जन्म याद गर्छौ। पारलौकिक पितालाई किन याद गर्दैनौ? बाबाले भन्नुभएको छ– युद्धको मैदान हो, समय लाग्छ पावन बन्नमा। त्यति नै समय लाग्छ जबसम्म लडाइँ पूरा हुँदैन। यस्तो होइन, जो सुरुमा आएका छन् उनीहरू पूरा पावन हुन्छन्। बाबा भन्नुहुन्छ– मायाको लडाइँ धेरै जोडले चल्छ। राम्रा राम्रालाई पनि मायाले जित्छ। यति बलवान छ। जो गिर्छन् उनीहरूले फेरि मुरली पनि कहाँबाट सुन्छन्। सेन्टरमा त आउँदैनन् भने उनीहरूलाई कसरी थाहा लाग्छ। मायाले एकदम कङ्गाल बनाइदिन्छ। मुरली पढे पो सचेत हुन्छन्। नत्र फोहोरी काममा लाग्छन्। कोही सेन्सीबल बच्चा भए जसले उनीहरूलाई सम्झाउँछ– तपाईले मायासँग कसरी हार खानु भयो। बाबाले तपाईलाई के सुनाउनु हुन्छ, तपाई फेरि कहाँ जाँदै हुनुहुन्छ। कसैलाई मायाले खाइरहेको देख्यौ भने बचाउने प्रयास गर्नुपर्छ। कतै मायाले सारा हप नगरोस्। फेरि सचेत हुनुपर्छ। नत्र उच्च पद पाउने छैनन्। सद्गुरुको निन्दा गराउँछन्। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) बाबासँग साइलेन्सको कला सिकेर यस हदको दुनियाँबाट पर बेहदमा जानु छ। नसा रहोस्– बाबाले हामीलाई कति अद्भुत ज्ञान दिएर, कति ठुलो पुरस्कार दिनुहुन्छ।

२) निर्धक्क भएर धेरै रसिलो ढङ्गले सेवा गर्नु छ। मायाको लडाईमा बलवान बनेर विजय प्राप्त गर्नु छ। मुरली सुनेर सचेत रहनु छ र सबैलाई जगाउनु छ।

वरदानः– परमपूज्य बनेर परमात्म प्यारको अधिकार प्राप्त गर्ने सम्पूर्ण स्वच्छ आत्मा भव

सदा यो स्मृति जीवनमा ल्याऊ– म पूज्य आत्मा यस शरीर रूपी मन्दिरमा विराजमान छु। यस्तो पूज्य आत्मा नै सर्वको प्रिय हुन्छ। उनीहरूको जड मूर्ति पनि सबैलाई प्रिय लाग्छ। कोही आपसमा झगडा गरे पनि मूर्तिलाई प्यार गर्छन् किनकि उनीहरूमा पवित्रता छ। त्यसैले आफैसँग सोध– मन-बुद्धि सम्पूर्ण स्वच्छ बनेको छ, अलिकति पनि अस्वच्छता मिक्स त छैन? जो यस्ता सम्पूर्ण स्वच्छ छन् तिनै परमात्म प्यारका अधिकारी हुन्।

स्लोगनः– ज्ञानको खजानालाई स्वयंमा धारण गरेर हर पल, हर कर्म समझले गर्ने नै ज्ञानी आत्मा हो।